नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

**नेपाल एसबिआई बैंक लि.**
**प्रेश विज्ञप्ति**

## नेपाल एसबिआई बैंकले पशुपतिनाथ मन्दिर दक्षिण कलात्मक प्रवेश द्वार निर्माण गर्ने

**आईतबार, जेष्ठ २, २०७२**

नेपाल एसबिआई बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा पशुपति क्षेत्र विकास कोषसँगको साझेदारीमा पशुपति क्षेत्र दक्षिण कलात्मक प्रवेशद्वार निर्माणको जिम्मेवारी पाएको छ ।

आज एक कार्यक्रमका बीच पशुपति क्षेत्र विकास कोषका अध्यक्ष तथा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, श्री आनन्द पोखरेलज्यूको प्रमुख आतिथ्यता र भारतीय स्टेट बैंकका प्रबन्ध सञ्चालक श्री बी. श्रीराम ज्यूको विशेष आतिथ्यमो भुमिपुजासहित संयुक्तरुपमा उक्त प्रवेशद्वारको शिलान्यास गरियो ।

पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. गोविन्द टन्डनज्यूको अध्यक्षतामा सम्पन्न उक्त कलात्मक प्रवेशद्वारको शिलान्यास कार्यक्रममा पशुपति क्षेत्र विकास कोषका उच्च पदाधिकारीहरु, भारतीय स्टेट बैंकका नायव प्रबन्ध निर्देशक श्री सिद्धार्थ सेनगुप्ता, मुख्य महाप्रबन्धक श्री सुजित कुमार बर्मा, बैंकका संचालकद्धय श्री निरञ्जन कुमार टिवडेवाला र श्री संजय कुमार सुरेका, प्रबन्ध संचालक श्री अनुकुल भट्नागर, नायव सिइओ भि.के. त्यागी, प्रमुख वित्तीय अधिकृत प्रिय रञ्जन, प्रमूख जोखिम अधिकृत, छपिराज पन्त तथा प्रमूख कर्जा अधिकृत देवराज अधिकारी लगायतको उपस्थिती रहेको थियो ।

यसका अतिरिक्त बैंकले पशुपति क्षेत्रलाई सफा राख्न आवश्यक उपकरणहरु समेत आफ्नो एक्सटेन्सन काउन्टरमार्फत कोषलाई हस्तान्तरण गरेको छ । बैंकले पशुपति मन्दिर र चौरासी लिङ्ग परिसर सफाईका लागि १० जनासम्म कामदार आउटसोर्सिङ्ग कम्पनी मार्फत खटाई सफाई कार्य गर्दै आएको छ । यो सफाई जिम्मेवारी ५ वर्षसम्म कायम रहने छ । एक संस्थागत नागरिकको हैसियतमा नेपाल एसबिआई बैंक आफ्नो समाज प्रतिको उत्तरदायित्व प्रति सदैव सचेत रहँदैआएको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4435612

64541

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

नेपाल एसबिआई बैंक भारतीय स्टेट बैंक (एस.बि.आई.) को सहायक कम्पनी हो, जुन विश्वका "फर्च्युन ५०० कम्पनी" मध्येको एक र सार्वजनिक क्षेत्रका बैंकहरु मध्ये भारतमा सबैभन्दा ठुलो र विश्वमा दोस्रो ठुलो बैंक हो ।

बैंकले चाल आ.व.को ९ महिनाको अवधीमा रु. ६३.४१ अर्ब निक्षेप संकलन गरी रु. ४६.२० अर्ब कर्जा लगानी गरेको छ । बैंकले यो अवधीमा गत वर्षको तुलनामा १४.७८% ले खुद नाफामा बृद्धि गरी रु. ९५.०३ करोड मुनाफा आर्जन गरेको छा ।

बैंकले हाल ७२ वटा व्यवसायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ८४ वटा एटिएम रहेका छन् ।

NEPAL SBI BANK LTD. NEPAL CORPORATE OFFICE KTM.

रमेश घिमिरे
प्रमुख सुचना अधिकृत

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4435612

64542